सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २५७ ♦ २०८३ साल जेष्ठ १८ सोमवार ♦ 1 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# गौशाला नगरपालिकामा घर जग्गा खाली गराउने विरुद्ध चरणबद्ध आन्दोलन जारी

अजयकुमार साह

जेष्ठ १७ गते, बर्दिवास




महोत्तरीको गौशाला नगर पालिकामा घर टहरा हटाउने तयारी विरुद्ध स्थानीयवासीले चरणबद्ध आन्दोलन थालेका छन् ।

पीडितहरुले आन्दोलनको पहिलो चरणको आन्दोलनको अन्तर्गत आइतवार गौशाला बजार बन्द गरी विभिन्न चोकहरूमा टायर बालेर प्रदर्शन गरेका थिए।

गौशाला नगरपालिकाले कित्ता नं. ११५, ११६ र ११७ मा निर्मित घरटहरा हटाउने तयारी गरेपछि स्थानीयवासीले संघर्ष समिति गठन गर्दै आन्दोलनमा उत्रेका हुन्।

स्थानीयले देवनारायण महतोको अध्यक्षतामा १५ सदस्यीय संघर्ष समिति गठन गरेका छन्। नगर पालिकाको निर्णयविरुद्ध आन्दोलनलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति गठन गरिएको जनाइएको छ।

यसअघि स्थानीयवासीले शुक्रबार र शनिबार गौशाला बजार क्षेत्रमा ब्यानर तथा प्लेकार्डसहित विरोध प्रदर्शन गरेका थिए। नगरपालिकाले घर भत्काउने तयारी थालेको भन्दै स्थानीयवासीले त्यसप्रति असन्तुष्टि जनाएका हुन्।

संघर्ष समितिका सदस्य नरेश सिंह कुशवाहाले ५० वर्षभन्दा बढी समयदेखि (राणाकालदेखि नै) बसोबास गर्दै आएका परिवारलाई उचित व्यवस्थापन नगरी घर हटाउने प्रयास गरिएको भन्दै त्यसको विरोधमा आन्दोलन सुरु गरिएको बताउनुभयो। उहाँले स्थानीयवासीको बसोबास अधिकार संरक्षणका लागि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो।

स्थानीय जगदीश प्रसाद गुप्ताका अनुसार आइतबार बिहान ७ देखि १० बजेसम्म गौशाला बजार बन्द गरी विरोध कार्यक्रम सञ्चालन गरिएको हो। उहाँले नगरपालिकाको निर्णय फिर्ता गराउन क्रमिक रूपमा थप आन्दोलनका कार्यक्रम घोषणा गरिने बताउनुभयो।

गौशाला बजारस्थित कित्ता नं. ११५ मा हाल ३४ घरपरिवार बसोबास गर्दै आएका छन्। स्थानीयवासीले आफूहरू ५० वर्षदेखि यस क्षेत्रमा बसोबास गर्दै आएको जनाउँदै वैकल्पिक व्यवस्था बिना घर हटाउने निर्णय स्वीकार्य नहुने बताएका छन्।

यस सन्दर्भमा गौशाला नगर पालिकाका मेयर डा. दिपेन्द्र महतोले संघीय सरकारअन्तर्गत गृह मन्त्रालयको निर्णय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट प्राप्त सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण हटाउनेसम्बन्धी पत्रका आधारमा गौशाला बजार स्थित कित्ता नं. ११५ खाली गराउने प्रक्रिया अघि बढाएको जानकारी दिनुभएको छ।

मेयर महतोका अनुसार जिल्ला प्रशासन कार्यालयबाट आएको उक्त निर्देशनात्मक पत्र नगर पालिकामा प्राप्त भएलगत्तै सोहीअनुसार स्थानीय सरकार ले आवश्यक प्रक्रिया अघि बढाएको हो। उहाँले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु स्थानीय सरकारको प्रमुख दायित्व भएकाले सोही जिम्मेवारीअनुसार कार्य अघि बढाइएको स्पष्ट पार्नुभयो।

उहाँले सो कित्ता नं. ११५ नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा भएको उल्लेख गर्दै उक्त क्षेत्रमा भएको अतिक्रमण हटाई घर-संरचना खाली गराइने जानकारी दिनुभयो। "सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो, सोहीअनुसार हामी कानुनी प्रक्रिया अनुसार अगाडि बढिरहेका छौं," उहाँले भन्नुभयो।


मेयर महतोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ख) बमोजिम सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार तथा कर्तव्य स्थानीय तहलाई रहेको उल्लेख गर्दै सोही कानुनी व्यवस्थाअनुसार प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो। नगर पालिकाले सम्बन्धित निर्देशन कार्यान्वयन गर्दै अतिक्रमित संरचना हटाउने तयारी अघि बढाएको जनाएको छ।



## शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# अत्यधिक गर्मीले गौशालामा १० विद्यार्थी बेहोस

खबर दर्पण समाचारदाता

जेष्ठ १७ गते, बर्दिवास

अत्यधिक गर्मीका कारण महोत्तरीको गौशाला नगर पालिका-१२ कान्तिबजार स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा आइतबार १० जना छात्रा बेहोस भएका छन् ।

विद्यालय प्रशासनका अनुसार कक्षा ८, ९ र १० मा अध्ययनरत छात्राहरू अत्यधिक गर्मीले गर्दा अचेत भएका हुन् । बेहोस भएका छात्रामध्ये ७ जनालाई कान्तिबजार स्वास्थ्य चौकीमा उपचारका लागि लगिएको थियो ।

तीमध्ये ६ जनाको उपचारपछि घर पठाइएको छ भने टाउको दुख्ने र सास फेर्न गाह्रो भई गम्भीर अवस्थामा रहेकी एक छात्रालाई थप उपचारका लागि नगर अस्पताल गौशाला रेफर गरिएको विद्यालयले जनाएको छ ।

सामान्य अवस्थाका अन्य ७ छात्रालाई विद्यालयमै आराम गराएर अभिभावकको जिम्मा लगाइएको छ ।कान्तिबजार स्वास्थ्य चौकीकी सिनियर अहेव निलम कुशवाहाको अनुसार उपचारका लागि आएका छात्राहरूमा न्यून रक्तचाप, जलविनियोजन (डिहाइड्रेसन),



टाउको दुख्ने तथा सास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिएका थिए ।

घटनापछि विद्यालयले छैटौं पिरियडपछि पठनपाठन बन्द गरेको छ । विद्यालयका प्रधानाध्यापक रामस्नेही यादवले विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेकाले जस्तापाताको छानो भएका कक्षाकोठामा पढाइ सञ्चालन भइरहेको बताउनुभयो ।

उहाँका अनुसार आइतबार करिब ३५ डिग्री सेल्सियस तापक्रम रहेको र बिहानैदेखि विद्युत् आपूर्ति अवरुद्ध हुँदा पङ्खा सञ्चालन हुन नसकेकाले कक्षाकोठामा अत्यधिक गर्मी महसुस भएको थियो । कक्षा १२ सम्म अध्ययन हुने उक्त विद्यालयमा करिब ८०० विद्यार्थी अध्ययनरत छन् ।सङ्घीय सरकारले आइतबार सार्वजनिक बिदा दिए पनि गौशाला नगर पालिकाले स्थानीय ऐनलाई टेकेर सामुदायिक विद्यालयमा आइतबारे बिदाको व्यवस्था नगरेकाले नियमित पठनपाठन सञ्चालन गरिएको थियो ।

स्थानीयवासी तथा अभिभावकले बढ्दो गर्मीलाई मध्यनजर गर्दै विद्यालय सञ्चालन समय व्यवस्थापन तथा विद्यार्थीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक उपाय अपनाउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

# गौशालामा इनार खन्ने क्रममा एक श्रमिक युवकको मृत्यु



खबर दर्पण समाचारदाता

जेष्ठ १७ गते, बर्दिवास

महोत्तरीको गौशाला नगर पालिका-१२ पडरियास्थित पर्ती टोलमा इनार खन्ने क्रममा एक श्रमिक युवकको मृत्यु भएको छ । प्रहरीका अनुसार सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ श्रीनगर निवासी २२ वर्षीय बसन्तकुमार महतोको आइतबार निस्सासिएर मृत्यु भएको हो ।

इनार खन्ने क्रममा करीब ३६ फिट तल काठको ठुटो फेला परेपछि विद्युतीय आरा (चेनस) मेसिनले काठ काट्ने क्रममा महतो इनारभित्रै बेहोस भएको प्रत्यक्षदर्शीले जनाएका छन् । अचेत अवस्थाका महतोलाई तत्काल उद्धार गरी उपचारका लागि ईश्वरपुर नगर अस्पताल, बयलबास सर्लाही पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

घटनाबारे जानकारी दिनुहुँदै जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

स्थानीय रमेशसिंह कुशवाहाका अनुसार गौशाला नगर पालिकाबाट बजेट निकासा भई वडास्तरीय ठेक्का प्रक्रियामार्फत पडरियामा कृषि सिँचाइका लागि इनार खन्ने काम भइरहेको छ । महतो सोही इनारमा दैनिक ज्यालादारीमा काम गर्दै आउनुभएको थियो ।

# मधेशमा डीजे र ध्वनि प्रदूषणविरुद्ध कडा कदम

खबर दर्पण समाचारदाता

जेष्ठ १७ गते, बर्दिवास

मधेश प्रदेश सरकारले सार्वजनिक स्थलमा बढ्दो डीजे आतंक तथा ध्वनि प्रदूषण नियन्त्रण गर्न कडा कदम चाल्ने भएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयको नेतृत्वमा बसेको सरोकारवाला निकायको बैठकले पर्सा, बारा लगायत प्रदेशका आठवटै जिल्लामा अत्यधिक आवाज निकाल्ने डीजे तथा ध्वनि उपकरणको प्रयोग नियन्त्रण गर्ने निर्णय गरेको हो ।

बैठकले ध्वनि प्रदूषण नियन्त्रणका लागि स्थानीय तहहरूसँग समन्वय गरी सुरक्षा निकायमार्फत निगरानी र नियन्त्रण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले यस सम्बन्धमा प्रहरी प्रशासनलाई आवश्यक निर्देशन दिइसकिएको जानकारी दिए ।

बैठकमा मधेश भवनको सुरक्षा व्यवस्थापन, कर्मचारी आवास क्षेत्रको व्यवस्थित उपयोग, गुठी जग्गा संरक्षण, फुटपाथ अतिक्रमण नियन्त्रण तथा जनकपुरधाम परिक्रमा क्षेत्रभित्र मदिरा बिक्री-वितरण नियन्त्रणका विषयमा समेत महत्वपूर्ण निर्णय गरिएको छ ।

मधेश भवन परिसरको सुरक्षा अवस्था सुदृढ बनाउन १५ दिनभित्र विस्तृत सुरक्षा मानक सञ्चालन कार्यविधि (एसओपी) तयार गर्न समिति गठन गरिने भएको छ । साथै, भवन परिसरको दैनिक सर सफाइको जिम्मेवारी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई दिने र नियमित अनुगमनको व्यवस्था मिलाइने निर्णय गरिएको छ ।

बैठकले मधेश भवनभित्र रहेको कर्मचारी आवास क्षेत्रमा बसोबास गरिरहेका अनाधिकृत व्यक्तिको पहिचान गरी कानुनी प्रक्रिया पूरा गर्दै निश्चित समयसीमाभित्र खाली गराउने निर्णय पनि गरेको छ । यस कार्यको समन्वय गृह मन्त्रालयअन्तर्गतको जिन्सी शाखा प्रमुखले सुरक्षा निकायसँग मिलेर गर्नेछन् ।

त्यसैगरी, गुठीका जग्गाको अभिलेख अद्यावधिक गर्ने, अतिक्रमण भएका जग्गा फेला परे कानुनी कारबाही अघि बढाउने तथा दीर्घकालीन संरक्षणका लागि गुठी संस्थान शाखा कार्यालय जनकपुरलाई कार्ययोजना तयार गर्न निर्देशन दिइएको छ ।

फुटपाथ तथा सार्वजनिक स्थानमा भएका अनधिकृत संरचना हटाउन स्थानीय तहले सुरक्षा निकायको सहयोग मागे आवश्यक सहयोग उपलब्ध गराउने निर्णयसमेत बैठकले गरेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# पुरुषोत्तम मासमा गेरुका नदीमा श्रद्धालुको घुइँचो, जीवित छ शताब्दीयौं पुरानो परम्परा

-ज्योती झा



मिथिला सभ्यताको चर्चा गर्दा अधिकांश मानिसको स्मरणमा जनकपुरधाम, जानकी मन्दिर तथा माता सीता र भगवान रामसँग जोडिएका धार्मिक प्रसंगहरू आउँछन्। तर, मिथिलाको पहिचान मात्र यिनै धार्मिक केन्द्र र कथाहरूमा सीमित छैन। यहाँका नदी, पोखरी, धार्मिक परम्परा, तीर्थस्थल तथा मेलाहरूले पनि हजारौं वर्षदेखि यस क्षेत्रको सांस्कृतिक र ऐतिहासिक विरासतलाई जीवन्त राख्दै आएका छन्।

यिनै पुराना परम्परामध्ये महोत्तरी र धनुषाको सीमाक्षेत्रमा पर्ने गेरुका नदी किनारमा लाग्ने गेरुका मेला मिथिलाको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक मेलाका रूपमा परिचित छ।

स्थानीय समुदायका लागि यो मेला धार्मिक अनुष्ठान वा जमघट मात्र नभई मिथिलावासीको आस्था, सांस्कृतिक एकता र ऐतिहासिक निरन्तरताको प्रतीक बनेको छ।

## जानकी मन्दिरसँग जोडिएको परम्परा

स्थानीय धार्मिक मान्यता अनुसार गेरुका मेलाको इतिहास जनकपुरधाम स्थित जानकी मन्दिरसँग जोडिएको छ।

प्राचीनकालदेखि नै जानकी मन्दिरबाट सीतारामको प्रतीकात्मक स्वरूपलाई गेरुका नदीसम्म ल्याई स्नान गराउने परम्परा रहेको जनविश्वास छ। यही परम्पराबाट गेरुका मेलाको शुरुवात भएको बताइन्छ।

वर्षौंदेखि निरन्तर चल्दै आएको यस धार्मिक परम्पराले मिथिलाको सांस्कृतिक जीवनमा विशेष स्थान बनाएको छ। मेला अवधिभर हजारौं श्रद्धालु नदी किनारमा पुगेर स्नान, पूजा तथा धार्मिक अनुष्ठानमा सहभागी हुने गर्छन्।

## नदीको नामसँग जोडिएको रोचक जनश्रुति

गेरुका नदीको नामकरणबारे पनि स्थानीयस्तरमा रोचक जनश्रुति प्रचलित छ।

प्राचीन समयमा नदीको पानी हल्का गेरुवा रङको देखिने भएकाले यसको नाम 'गेरुका' रहन गएको विश्वास गरिन्छ।

मिथिला संस्कृतिमा नदीलाई प्राकृतिक स्रोतका रूपमा मात्र हेर्ने परम्परा छैन। यहाँ नदीलाई देवीस्वरूप मानेर सम्मान गर्ने सांस्कृतिक मान्यता रहिआएको छ।

यही कारण गेरुका नदीलाई पनि स्थानीय समुदायले पवित्र तीर्थस्थलका रूपमा सम्मान गर्दै आएको पाइन्छ।



धार्मिक आस्थासँगै नदीप्रतिको सम्मान र संरक्षणको भावना पनि यस परम्परासँग जोडिएको देखिन्छ।

## पुरुषोत्तम मासमा विशेष महत्व

गेरुका मेलाको धार्मिक महत्व विशेषगरी पुरुषोत्तम मासमा अझ बढी रहने गर्दछ। हिन्दु धर्मशास्त्रअनुसार पुरुषोत्तम मास भगवान विष्णुको प्रिय महिना मानिन्छ।

धार्मिक जानकारहरूका अनुसार मलमासलाई भगवान विष्णुले आफ्नो नाम 'पुरुषोत्तम' प्रदान गरेपछि यस महिनालाई पुरुषोत्तम मास भनिन थालेको हो।

यही कारण यो महिना स्नान, दान, जप, तप तथा धार्मिक अनुष्ठानका लागि अत्यन्त शुभ मानिन्छ।

स्थानीय धार्मिक विश्वास अनुसार यस अवधिमा गेरुका नदीमा स्नान गरे विशेष पुण्य प्राप्त हुने मान्यता छ।

श्रद्धालुहरूका अनुसार स्वयं सीतारामले यस नदीमा स्नान गरेको र विभिन्न देवीदेवताहरू पनि गेरुका नदीमा आउने विश्वास रहिआएको छ।

यसै कारण पुरुषोत्तम मासका अवसरमा महोत्तरी, धनुषा लगायत मधेसका विभिन्न जिल्लाबाट ठूलो संख्यामा भक्तजनहरू गेरुका पुग्ने गर्छन्।

## धार्मिक विश्वास र जनआस्था

गेरुका नदीमा स्नान तथा पूजा-आराधना गरे पाप नाश हुने, रोगव्याधिबाट मुक्ति मिल्ने, मनोकांक्षा पूरा हुने तथा पारिवारिक सुख-शान्ति प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ।

मेलाका अवसरमा श्रद्धालुहरूले नदी स्नानपछि पूजा, भजन-कीर्तन तथा विभिन्न धार्मिक गतिविधिमा सहभागिता जनाउने गर्छन्। यसले धार्मिक वातावरण मात्र सिर्जना गर्दैन, स्थानीय समुदायबीच सामाजिक सद्भाव र सांस्कृतिक एकतालाई समेत मजबुत बनाउने काम गर्छ।

स्थानीय बासिन्दाहरूका अनुसार गेरुका मेला पुस्तौंदेखि मिथिलाको धार्मिक जीवनको अभिन्न हिस्सा बनेर रहेको छ।

## संस्कृति संरक्षणको चुनौती

समयसँगै आधुनिक जीवनशैलीको प्रभाव बढ्दै गए पनि गेरुका मेलाले आफ्नो मौलिकता जोगाइरहेको स्थानीय बताउँछन्।

परम्परा र आधुनिकताबीच सन्तुलन कायम गर्दै यो मेला अझै पनि मिथिलाको जीवित सांस्कृतिक धरोहरका रूपमा स्थापित छ।

तर, पछिल्ला वर्षहरूमा नदी संरक्षण, पूर्वाधार विकास तथा मेलाको व्यवस्थित प्रचारप्रसार आवश्यक रहेको आवाज स्थानीय स्तरबाट उठ्न थालेको छ।

नदी क्षेत्रको संरक्षण बिना धार्मिक तथा सांस्कृतिक सम्पदाको दीर्घकालीन संरक्षण सम्भव नहुने उनीहरूको तर्क छ।

स्थानीय अगुवाहरूका अनुसार गेरुका नदी र यससँग जोडिएको धार्मिक परम्परा केवल एउटा स्थानीय मेलासम्म सीमित विषय होइन।

यो मिथिलाको ऐतिहासिक पहिचान, सांस्कृतिक निरन्तरता र सामूहिक स्मृतिसँग जोडिएको सम्पदा भएकाले यसको संरक्षण र प्रवर्द्धनमा राज्य तथा सरोकारवाला निकायले विशेष ध्यान दिन आवश्यक छ।

## मिथिलाको पहिचान बोकेको धरोहर

जनकपुरधामको धार्मिक महत्त्वसँगै गेरुका मेला जस्ता परम्पराहरूले मिथिला सभ्यताको गहिरो सांस्कृतिक आयामलाई उजागर गर्छन्।

नदी, तीर्थ, लोकविश्वास र धार्मिक परम्पराले निर्माण गरेको यो सांस्कृतिक संसारले आज पनि मिथिलावासीको जीवनशैली र आस्थालाई निरन्तर प्रभावित गरिरहेको छ।

यही कारण गेरुका मेला एउटा धार्मिक उत्सव नभई मिथिलाको इतिहास, संस्कृति, आस्था र सामुदायिक एकताको जीवित दस्तावेजका रूपमा आज पनि उत्तिकै महत्वपूर्ण मानिन्छ।



# मनरा शिसवामा रास्वपा अधिवेशनमा झडप,एक जना घाइते



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**जेष्ठ १७ गते, महोत्तरी**

महोत्तरीको मनरा शिसवा नगर पालिकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अधिवेशनका क्रममा विवाद हुँदा झडप भएको छ।

नेतृत्व चयनको विषयमा उत्पन्न विवादले उग्र रूप लिएपछि एक जना कार्यकर्ता गम्भीर घाइते भएका छन् भने अन्य चार जना सामान्य घाइते भएका छन्।घाइते हुनेमा मनरा शिसवा नगरपालिका-८ निवासी गोविन्द कापर रहेका छन्।झडपका क्रममा उनको टाउकोमा चोट लागेको र उपचारका लागि जलेश्वरस्थित प्रादेशिक अस्पतालमा भर्ना गरिएको जनाइएको छ।

रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरूप देशभर नगर अधिवेशन सञ्चालन गरिरहेको बेला आइतबार मनरा शिसवामा आयोजित अधिवेशन नेतृत्व चयनको विषयलाई लिएर विवादित बनेको हो। एक पक्षले निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गर्नुपर्ने माग राखेको थियो भने अर्को पक्षले सहमतिका आधारमा वर्तमान कार्यसमितिलाई निरन्तरता दिनुपर्ने धारणा अघि सारेको बताइएको छ।

घाइते कापरले वर्तमान नगर सभापति रोमन सिंहले पुनः नेतृत्वमा निरन्तरता खोज्दै निर्वाचन प्रक्रियाबाट पछि हट्न दबाब दिएको आरोप लगाएका छन्।निर्वाचनको पक्षमा आवाज उठाउने कार्यकर्तामाथि हातपात भएपछि स्थिति तनावपूर्ण बनेको उनको भनाइ छ।स्थानीय कार्यकर्ताहरूका अनुसार पार्टीभित्रको आन्तरिक असन्तुष्टि र नेतृत्वको विषयमा देखिएको मतभेदका कारण अधिवेशनको वातावरण तनावग्रस्त बनेको थियो।

झडपपछि कार्यक्रम प्रभावित भएको तथा अधिवेशनको प्रक्रिया अवरुद्ध बनेको जनाइएको छ।घटनाबारे प्रतिक्रिया लिन वर्तमान नगर सभापति रोमन सिंहसँग सम्पर्क गर्न खोजिए पनि सम्पर्क हुन सकेन।महोत्तरीमा रास्वपाभित्र नेतृत्व चयनलाई लिएर विवाद देखिएको यो पहिलो घटना भने होइन। यसअघि जलेश्वर नगर अधिवेशन पनि नेतृत्व चयन प्रक्रियासम्बन्धी विवादका कारण प्रभावित भएको थियो।

मनरा शिसवाको पछिल्लो घटनाले पार्टीभित्रको आन्तरिक व्यवस्थापन, नेतृत्व चयन प्रक्रिया तथा लोकतान्त्रिक अभ्यासबारे पुनः बहस सुरु भएको स्थानीय राजनीतिक वृत्तले जनाएको छ।महाधिवेशनको तयारी तीव्र बनाइरहेको रास्वपाका लागि नगर अधिवेशनमै झडप र घाइते हुने अवस्था सिर्जना हुनु चुनौतीपूर्ण घटनाका रूपमा हेरिएको छ।

संगठन सुदृढीकरण र आन्तरिक लोकतन्त्रलाई प्राथमिकता दिने पार्टीको दाबीबीच देखिएको पछिल्लो घटनाक्रमले व्यवस्थापन क्षमता र आन्तरिक एकतामाथि प्रश्न उठाएको राजनीतिक विश्लेषकहरूको भनाइ छ।

# बर्दिबासमा महिनावारी स्वास्थ्य तथा पुनः प्रयोगयोग्य सेनेटरी प्याड निर्माण सम्बन्धी तीनदिने तालिम सम्पन्न




खबर दर्पण समाचारदाता

**जेष्ठ १७ गते, बर्दिवास**

विश्व महिनावारी स्वच्छता दिवस २०२६ को अवसरमा रोटरी डिस्ट्रिक्ट ३२९२ अन्तर्गत रोटरी वर्ष २०२५-२६ को डिस्ट्रिक्ट ग्रान्ट मार्फत रोट्र्याक्ट क्लब अफ बर्दिबासद्वारा आयोजित "महिनावारी स्वास्थ्य तथा स्वच्छता व्यवस्थापन एवं पुनः प्रयोगयोग्य सेनेटरी प्याड निर्माण सम्बन्धी तीनदिने तालिम" सफलतापूर्वक सम्पन्न भएको छ।

बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रहलादकुमार क्षेत्रीको प्रमुख आतिथ्यता तथा रोट्र्याक्ट क्लब अफ बर्दिबासका अध्यक्ष सरोज गजमेरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बर्दिबास क्षेत्रका विभिन्न ८ वटा सामुदायिक तथा संस्थागत विद्यालयका २४ जना छात्राहरू सहभागी भएका थिए।

तीन दिनसम्म सञ्चालन गरिएको तालिममा कनेक्सन नेपाल काठमाडौंबाट प्रशिक्षक आउनु भएको थियो ।

तालिममा सहभागी छात्राहरूलाई महिनावारी स्वास्थ्य, व्यक्तिगत सरसफाइ, सुरक्षित महिनावारी व्यवस्थापन तथा पुनः प्रयोग गर्न मिल्ने सेनेटरी प्याड निर्माण सम्बन्धी सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। तालिमले किशोरीहरूमा महिनावारी सम्बन्धी विद्यमान भ्रम तथा सामाजिक संकोच न्यूनीकरण गर्दै स्वास्थ्यप्रति सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि क्षेत्रीले किशोरीहरूको स्वास्थ्य, शिक्षा र आत्मविश्वास अभिवृद्धिका लागि यस्ता सचेतनामूलक तथा सीपमूलक कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै स्थानीय सरकार यस्ता सामाजिक अभियानमा सधैं सहकार्य गर्न तत्पर रहेको बताउनुभयो।

अध्यक्ष सरोज गजमेरले महिनावारीलाई प्राकृतिक प्रक्रियाका रूपमा स्वीकार गर्दै यससँग जोडिएका चुनौतीहरूको समाधानका लागि सचेतना र व्यवहारिक सीप दुवै आवश्यक रहेको बताउनुभयो। उहाँले तालिमबाट प्राप्त ज्ञान र सीपलाई सहभागी छात्राहरूले आफ्ना विद्यालय तथा समुदायमा समेत विस्तार गर्ने विश्वास व्यक्त गर्नुभयो।

महिनावारी स्वास्थ्य तथा वातावरणमैत्री व्यवस्थापनलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रमले किशोरीहरूलाई आत्मनिर्भर, सचेत र सशक्त बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको सहभागीहरूले बताएका छन्।

"हरेक किशोरीको स्वास्थ्य, सम्मान र आत्मविश्वास सुनिश्चित गर्दै स्वस्थ र समुन्नत समाज निर्माणतर्फको एउटा सशक्त कदम।"

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,